बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बेलबारी, मोरङ

## कोशी प्रदेश, नेपाल

मितिः २०८०।०३।२२

**मेकानिकल ईन्जिनियर सेवा खरिद सम्बन्धि सूचना**

आ.व. २०८०/८१ का लागि बेलबारी नगरपालिका र यसका सेवा ईकाइहरूमा रहेका सार्वजनिक सवारी साधन एवं सार्वजनिक कार्यमा प्रयोग गरिएका नीजि सवारीसाधनहरू, नगरपालिबाट खरिद तथा मर्मत गर्ने यन्त्र, उपकरण लगायतका स्पेसिफिकेसन, लागत अनुमान र मूल्याङ्कन गर्ने प्रयोजनका लागि मेकानिकल ईन्जिनियर सेवा खरिद गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका ईच्छुक व्यक्तिले देहाय बमोजिम प्रस्ताब पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

| क.स. | प्रस्ताब नं. | संख्या | परामर्शदाताको पद | न्यूनतम शैक्षिक योग्यता | दस्तुर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | BM/MOR/SQ-01-2080-81 | १ | मेकानिकल ईन्जिनियर | मेकानिकल विषयमा वि.ई. उत्तिर्ण | १०००/- अक्षरेपी एक हजार रूपैया मात्र । | सार्वजनिक खरिद नियमावली २०६४ को नियम |

**पेश गर्नुपर्ने कागजातहरु**

१. अनुसूची -१ बमोजिमको आर्थिक प्रस्ताब,
२. न्यूनतम शैक्षिक योग्यताको प्रमात्रणपत्र,
३. विदेशी वोर्डबाट उत्तिर्ण भई शैक्षिक योग्यता प्रास गरेको भए समकक्षता निर्धारण गरेको प्रमाणपत्र,
४. कार्य अनुभव भए सोको प्रमाणपत्र ।
५. दस्तुर रकम तीरेको रसिद ।

**प्रस्ताब मुल्याङ्कनका आधारहरू**

१. न्यूनतम रकम कबोल गर्ने सारभुतरुपमा प्रभावग्राही,

**शर्तहरु**

१. कार्य गर्नुपर्ने अवधीः सम्झौता मिति देखि २०८१ असाढ मसान्त सम्म ।
२. प्रस्ताब खरिद तथा पेश गर्ने अन्तिम मितिः २०८०।०४।०३ गते कार्यालय समय भित्र वा कार्यालयमा रसिद काट्न सक्ने अवस्था नरहेमा दस्तर रकम बेलबारी नगरपालिकाको आन्तरिक राजस्व खाता नं. २४३०१००३०१०१००२ मा जम्मा खरिद गर्न सकिने र २०८०।०४।०४ गते दिनको १२ बजे सम्म अनिवार्य रुपमा कार्यालयमा प्रस्ताब पेश गरिसक्नुपर्नेछ । समय नाघिसके पश्चात कुनै पनि अवस्थामा प्रस्ताब पेश गर्न सकिने छैन वा बुझिने छैन ।
३. दरभाउपत्र मिति २०८०।०४।०४ गते दिनको ०२:०० बजे खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कार्यालयलाई बाधा पुग्ने छैन ।
४. प्रस्ताब अनिवार्य रूपमा खरिद ईकाइ तथा जिन्सी व्यवस्थापन उपशाखामा दाखिला गर्नुपर्नेछ र दाखिला गरे पश्चात दाखिला गरेको प्रमाण बुझ्नुहुन समेत जानकारी गराईन्छ ।
५. प्रस्ताब पेश गर्दा अनिवार्य रुपमा पेश गर्नुपर्ने काजगातहरू संलग्न राखि अनिवार्य रुपमा सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।
६. कार्यालयले रकम भुक्तानी गर्दा नियमानुसार करकट्टी गरी भुक्तानी गर्नेछ।

**कार्यविवरणः**

१. नगरपालिकामा साविकमा भएका वा नगरपालिकाले खरिद गर्ने वा मर्मत गर्ने मेसिन / यन्त्र/ उपकरण लगायतका सम्पूर्ण मेकानिकल सामाग्रीहरूको स्पेसिफिकेसन तयार गर्ने, लागत अनुमान तयार गर्ने प्राविधिक मूल्याङ्कन गर्ने लगायतका यसै प्रकृतीका काम गर्नुपर्नेछ ।
२. नगरपालिकाले तोकेका अन्य कार्यहरू गर्ने ।